आज मिति २०८२।०९।२७ गते आइतबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनि[illegible] प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | दिगम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु ।**

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८२।०९।२७ गते, बैठक संख्या:८ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. ८.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ८.२ १८औं नगरसभाको कार्यसूची स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. ८.३ प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. ८.४ बहुवर्षिय योजना स्वीकृतीको लागि सिफारिस गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ८.५ बाणगङ्गा नगरपालिकाको प्रोजेक्ट बैंक सम्बन्धमा,

प्रस्ताव नं. ८.६ बजेट ब्रेकडाउन सम्बन्धमा,

प्रस्ताव नं. ८.७ संसोधन र थपघट गर्नुपर्ने बजेट, योजना तथा कार्यक्रम,

प्रस्ताव नं. ८.८ भूमी सम्बन्धी निर्णय

प्रस्ताव नं. ८.९ नदीजन्य पदार्थ उत्खननको लागि प्रकृया अगाडी बढाउने सम्बन्धमा,

प्रस्ताव नं. ८.१० नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापनको कार्ययोजना सम्बन्धमा,

प्रस्ताव नं. ८.११ अपाङ्गहरुको कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. ८.१२ समपुरक  तथा विशेष योजना सम्बन्धमा,

प्रस्ताव नं. ८.१३ सडक बोर्डको योजना छनोट सम्बन्धमा,

प्रस्ताव नं. ८.१४ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ८.१५ सार्वजनिक शौचालय हस्तान्तरण सम्बन्धमा,

प्रस्ताव नं. ८.१६ विविध ।

CamScanner

**मिति: २०८२।०९।२७ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक संख्या: ८ का निर्णयहरु**

**प्रस्ताव नं. ८.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ८.१** विद्यालय कर्मचारी (विद्यालय सहायक र सहयोगी) र प्रारम्भिक बालविकास सहजकर्ता/शिक्षक छनौट सम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा रहेको चालु आर्थिक वर्ष २०८२।०८३ को प्रथम चौमासिक पश्चात गर्नुपर्ने निम्नानुसारका कार्यक्रमहरु सार्वजनिक सुनुवाई, संयुक्त सिविर सम्पन्न गरिएको १८औं नगरसभा तयारी अवस्थामा रहेको, बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को आय व्ययको प्रक्षेपण तालुक निकायमा पठाईसकिएको । पिपरा अस्पतालको १५ सैया अस्पतालको DPR को लागि TOR स्वीकृत गरिएको, एम्बुलेन्स खरिद कर छुटकोलागि प्रकृया अगाडी बढाईएको, २०८२।०८३ को वार्षिक योजना तथा कार्यक्रम अनुसार योजना कार्यान्वयनको अवस्था र प्रगति समिक्षा लगायत विषयमा विभिन्न निर्णयहरु भएकोले अघिल्लो कार्यपालिका बैठकको समिक्षाको रुपमा अभिलेखिकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.२ १८औं नगरसभाको कार्यसूची स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. ८.२** मितिः२०८२ पुष २८ गते सोमबारको दिन सञ्चालन हुने यस नगरपालिकाको अठारौं नगरसभाको कार्यसूची अनुसूची-१ अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.३ प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. ८.३** राष्ट्रिय रोजगार प्रवर्धन ( प्रधानमन्त्री रोजगार) कार्यक्रम अन्तर्गत आन्तरिक रोजगारी शिर्जना / प्रवर्द्धनका क्रियाकालाप संचालन निर्देशिकामा तोकिए बमोजिम क्रियाकलाप कार्यन्वयनका लागि स्थानिय तहले सत प्रतिसत सझेदारी गरेको रकम रु ५००,००० ( पाँचलाख रुपैया मात्र) र नेपाल सरकार शसर्त चालु रकम रु ४७२,००० (अक्षरुपी चार लाख बहत्तर हजार मात्र ) जम्मा रकम ९,७२,००० ( नौ लाख बहत्तर हजार ) नगर स्तरीय एउटा योजना छनोट गरी सोहि योजानमा बेरोजगार श्रमीकहरु खटाई ज्यालामा खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.४ बहुवर्षिय योजना स्वीकृतीको लागि सिफारिस गर्ने सम्बन्धमा,**

**निर्णय नं. ८.४** निम्नानुसारका अधुरा योजनाहरुलाई बहुवर्षिय बजेट व्यवस्थापन गर्ने गरी बहुवर्षिय योजनाको रुपमा स्वीकृत गर्न १८औं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | नगर चक्रपथ | विभिन्न वडा | अधुरो |
| २ | कृषि उपज संकलन केन्द्र | वडा नं. ३ र ११ | अधुरो पूर्वाधार |
| ३ | जनज्यति मा.वि. भवन निर्माण | वडा नं.७ | अधुरो पूर्वाधार |
| ४ | आयुर्वेद स्वास्थ्य केन्द्र भवन निर्माण | वडा नं. ८ | नयाँ भवन निर्माण |
| ५ | पिपरा अस्पताल भवन निर्माण | वडा नं.२ | थप भवन आवश्यक |

CamScanner

**प्रस्ताव नं. ८.५ बाणगङ्गा नगरपालिकाको प्रोजेक्ट बैंक सम्बन्धमा,**

**निर्णय ८.५** नगरपालिकाका प्राथमिकतामा रहेका र ठूलो बजेट आवश्यकता पर्ने तपसिलका योजनाहरुमा रकम सुनिश्चित गरी प्रकृयागत रुपमा प्रोजेक्ट बैंकमा प्रविष्ट गर्ने र जग्गा प्राप्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय दाङ देउखुरीमा पठाउने निर्णयार्थ नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | योजना | वडा नं. | रकम सुनिश्चितता |
|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन केन्द्र | ९ | ८ करोड |
| २ | नगर बसपार्क | ४,५ | ८ करोड |
| ३ | बुद्ध रङ्गशाला | १,४ | ७ करोड |
| ४ | मायादेवी रङ्गशाला | ८ | ५ करोड |
| ५ | आयुर्वेद स्वाश्थ्यकेन्द्र | ८ | ५ करोड |
| ६ | कृषि उपज संकलन केन्द्र | ११ | १० करोड |
| ७ | एनिमल रिसर्च सेन्टर | ८ | ६ करोड |
| ८ | सांस्कृतिक संग्राहलय | | ५ करोड |
| ९ | बहुउद्देश्यीय सभाहल | ५ | १० करोड |
| १० | औधोगिकग्राम | ९ | ५ करोड |

**प्रस्ताव नं. ८.६ बजेट ब्रेकडाउन सम्बन्धमा,**

**निर्णय नं. ८.६** यस नगरपालिकाको आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्नानुसार शिर्षकमा रहेको बजेटलाई तपसिल बमोजिम ब्रेकडाउन गरी कार्यान्वयनको लागि अगाडी बढाउने गरी १८औं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रदेश पूर्वाधारतर्फ (सशर्त अनुदान) सि.नं.३५० रहेको बाणगङ्गा नगरपालिकामा रहेका दैनिक पत्रिका, साप्ताहिक पत्रिका, रेडियो, टेलिभिजनको पूर्वाधार तथा उपकरण, कपिलवस्तु प्रदेश सशर्त पूजीगत अन्तर्गत रु. २० लाखको ब्रेकडाउन**

| सि.नं. | मिडिया | रकम | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक रेडियो बुद्ध आवाज | २००००० | उपकरण खरिद |
| २ | सामुदायिक रेडियो बाणगङ्गा | २००००० | उपकरण खरिद |
| ३ | सामुदायिक रेडियो मायादेवी | २००००० | उपकरण खरिद |
| ४ | हर्टबिट एफ.एम. | २००००० | उपकरण खरिद |
| ५ | बुद्ध आवाज साप्ताहिक | १५०००० | अफिस व्यवस्थापन |
| ६ | लुम्बिनी दर्पण साप्ताहिक | १५०००० | उपकरण खरिद |
| ७ | मायादेवी मिडिया ग्रुप | १५०००० | उपकरण खरिद |
| ८ | बुद्ध दर्पण राष्ट्रिय दैनिक | ३७५००० | उपकरण खरिद |
| ९ | सामुदायिक टेलिभिजन बुद्ध आवाज | ३७५००० | उपकरण खरिद |
| | जम्मा | २०००००० | |

**सूचना तथा सञ्चार तर्फ सि.नं.४६९. एफ.एम.रेडियो कार्यक्रम उत्पादन र प्रसारण शिर्षकको बजेट रु. १० लाखको ब्रेकडाउन (बाणगङ्गा सेरोफेरो रेडियो कार्यक्रम उत्पादन र प्रसारण)**

| सि.नं. | मिडिया | रकम | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक रेडियो बुद्ध आवाज | ३२५००० | उत्पादन र प्रसारण |
| २ | सामुदायिक रेडियो बाणगङ्गा | २२५००० | प्रसारण |
| ३ | सामुदायिक रेडियो मायादेवी | २२५००० | प्रसारण |
| ४ | हर्टबिट एफ.एम. | २२५००० | प्रसारण |
| जम्मा | | १०००००० | |

**प्रस्ताव नं. ८.७ संसोधन र थपघट गर्नुपर्ने बजेट, योजना तथा कार्यक्रम,**

**निर्णय नं. ८.७** आर्थिक वर्ष २०८१।०८२ मा विविध कारणले कार्यान्वयन हुन नसकेका योजना तथा कार्यक्रमहरु, उपप्रमुख सिप विकास कार्यक्रम तथा मागमा आधारित नगर प्रमुख पूर्वाधार, योजना तथा कार्यक्रमहरु संसोधन, हेरफेर, थपघट गरी विनियोजन ऐन, २०८२ संसोधन समेतको लागि १८औं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८.८ भूमी सम्बन्धी निर्णय**

**निर्णय नं. ८.८** भूमी सम्बन्धि नगर स्तरिय सहजिकरण समिति तथा भू-उपयोग परिषदको बैठकबाट आएका आवश्यक विभिन्न निम्नानुसारका विषयहरुमाथी निर्णय गरियो।

**निर्णय नं. ८.८.१** बाणगंगा नगरपालिका नगर स्तरिय सहजिकरण समितिको मिति २०८२।०९।२५ गते बसेको बैठक बाट पास भइ आएका विभिन्न वडाहरुको ब्लकका क्षेत्रहर सदर गरि जिल्ला समिति कपिलवस्तुमा पत्राचार गर्ने निर्णय गरियो।

| सि.न. | ब्लकको नाम | क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | सिद्धिपुर ब्लक (वडा नं ४) | शहर उन्मुख क्षेत्र | |
| २ | दरखास्त ब्लक (वडा नं ४) | शहर उन्मुख क्षेत्र | |
| ३ | डुगहवा ब्लक (वडा नं ४) | ग्रामिण क्षेत्र | |
| ४ | कालाबन्जार ब्लक (वडा नं ३, ४) | ग्रामिण क्षेत्र | |
| ५ | झड्गा ब्लक (वडा नं ३) | ग्रामिण क्षेत्र | |
| ६ | ठाकुरापुर ब्लक (वडा नं ४) | ग्रामिण क्षेत्र | |
| ७ | कुवेरपुर ब्लक (वडा नं ४) | ग्रामिण क्षेत्र | |
| ८ | गजेहडा ब्लक (वडा नं ४) | ग्रामिण क्षेत्र | |
| ९ | हरिहरपुर ब्लक (वडा नं ४) | ग्रामिण क्षेत्र | |
| १० | चार नं जितपुर ब्लक (वडा नं १) साविक बाणगंगा ७ग र ८ङ | शहर उन्मुख क्षेत्र | |
| ११. | मर्थी ब्लक (वडा नं ११) | ग्रामिण क्षेत्र | |

**निर्णय नं. ८.८.२** बाणगंगा नगरपालिकाको भू-उपयोग क्षेत्र बर्गीकरणको आधारमा कित्तागत विवरण तयार गर्दा क्षेत्रहरु फरक पर्न गएको हुँदा भू-उपयोग परिषद्बाट परिवर्तन गरि आएका कुल १६ निवेदनहरुको क्षेत्र परिवर्तन स्कृत गरि मालपोत कार्यालय बाणगंगा, नापी कार्यालय वोडगाउँ कपिलवस्तुमा पत्राचार गर्ने तथा राजपत्र सच्चाउने निर्णय गरियो।

**निर्णय नं. ८.८.३** भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यबस्थित बसोबासीहरुको मिति २०८२-०४-३० गते प्रकाशन भएको ३५ दिने सूचना अनुसार सो सूचना पश्चात संकलन भई वडाबाट प्रमाणीत भई सहजिकरणकरण

समिति हुदै आएका निवेदनहरु मिति २०८२-०९-२५ गतेको नगर स्तरिय सहजिकरण समितिबाट समेत प्रमाणित भएका निवेदनहरु रुजु गरि NALCIS सिस्टममा लगत इन्ट्रि गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८.९ नदीजन्य पदार्थ उत्खननको लागि प्रकृया अगाडी बढाउने सम्बन्धमा,**

**निर्णय नं. ८.९** बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका बाणगङ्गा नदी र कोईली खोलाबाट चालु आ.व ०८२।८३ का लागि नदीजन्य पदार्थ ढुङ्गा,गिट्टी, बालुवा, ग्राभेल, माटो, भस्कट आदिको आपुर्तीको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन २०८२ ले उत्खनन् संकलन र निकासीको लागि सिफारिस गरेको तपसिल बमोजिमको क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन संकलन र निकासीको लागि सिफारिस गरेको नाकाहरुबाट अनुसूची-२ बमोजिम उत्खनन् तथा व्यवस्थापन हुने गरी आय ठेक्काको सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८.१० नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापनको कार्ययोजना सम्बन्धमा,**

**निर्णय नं. ८.१०** बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका बाणगङ्गा नदी, धिरिखोला र कोईली नदी अन्तर्गतका प्रारम्भिक वातावरणणीय परिक्षण प्रतिवेदन २०८२ले उत्खनन, संकलन र निकासी गर्न सिफारिस गरेका क्षेत्रबाट नदीजन्य पदार्थको आय ठेक्का व्यवस्थापनका लागि नदीजन्य पदार्थको उत्खनन एवं संकलन र बिक्रि व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०८२ स्वीकृतिको लागि नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८.११ अपाङ्गहरुको कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. ८.११** यस नगरपालिकाको चालु आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार महिला बालबालिका तथा जेष्ठ नागरिकतर्फ सि.नं. ३१६.२५ मा रहेको अपाङ्ग बाल अस्पताल तथा पुनस्थापना केन्द्रको समन्वयमा अपाङ्ग भएका ब्यक्तिहरुको लागि स्वास्थ्य सिवर सञ्चालन तर्फ छुट्टिएको बजेटबाट निम्नानुसार लागत साझेदारी हुने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यक्रमको नाम | नगरको बजेट | लागत साझेदारी बजेट | कूल जम्मा |
|---|---|---|---|---|
| १ | अपाङ्ग बाल अस्पताल तथा पुनस्थापना केन्द्रको समन्वयमा अपाङ्ग भएका ब्यक्तिहरुको लागि स्वास्थ्य सिवर सञ्चालन | ३,००,०००।- | १,२९,०००।- | ४,२९,०००।- |

**प्रस्ताव नं. ८.१२ समपुरक तथा विशेष योजना सम्बन्धमा,**

**निर्णय नं. ८.१२** आर्थिक वर्ष २०८३।०८४ मा कार्यान्वयन हुने गरी निम्नानुसारका योजना हरु समपुरक र विशेष योजनाको रुपमा संघीय समपुरक र विशेष बजेट प्राप्तिको लागि संघिय मामिलामा पठाउने निर्णय गरियो।

| सि.नं. | योजनाको नाम | बजेट रु. |
|---|---|---|
| समपुरक | | |
| १ | गजहेडा प्रतिक्षालय चोकदेखि झुंगा-भक्तौली हुँदै रुपन्देही जोड्ने अधुरो सडक कालोपत्रे | ३ करोड |
| २ | तिनैया उत्तर बगिया देखि लवती लखनचोक जोड्ने सडक कालोपत्रे | २ करोड |
| विशेष | | |
| १ | कृषि उपज संकलन केन्द्र वडा नं. ११, शित भण्डार तथा बिक्रि केन्द्र निर्माण | |

**प्रस्ताव नं. ८.१३ सडक बोर्डको योजना छनोट सम्बन्धमा,**
**निर्णय नं. ८.१३** चालु आर्थिक वर्ष २०८२।०८३ मा सडकबोर्ड तर्फ प्राप्त बजेटबाट कार्यान्वयन हुने गरी कुवेरपुर पिस हिमालयन रिसोर्ट देखि झुंगा जाने सडक मर्मत वडा नं. ३ र ४ योजना छनोट गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८.१४ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,**
**निर्णय नं. ८.१४** विधायन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएको सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८.१५ सार्वजनिक शौचालय हस्तान्तरण सम्बन्धमा,**
**निर्णय नं. ८.१५** यस नगरपालिका अन्तर्गत बाणगङ्गा-२, पिपरामा खानेपानी तथा ढल निकास विभाग, काठमाण्डौद्वारा रु.६१,८२,४४३।६४ कुल लागतमा निर्माण, मिति: २०८२।०६।०८ मा निर्माण सम्पन्न र २०८२।०९।०३ मा विभागद्वारा नगरपालिकालाई स्वामित्व हस्तान्तरण गरिएको सार्वजनिक शौचालय "सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२" बमोजिम सञ्चालन तथा व्यवस्थापनको लागि खानेपानी तथा सरसफाई सेवा प्रदायक संस्था बाणगङ्गा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८.१६ विविध**
**निर्णय नं. ८.१६** प्रेस चौतारी नेपालको स्थापना दिवशको अवशरमा निर्वाचन आचारसंहिता र सञ्चारकर्मीको भूमिका विषयक एक दिने अन्तर्क्रिया कार्यक्रम सञ्चालनको लागि रु.२५,०००।– (अक्षेरुपी पच्चीस हजार) दिवश, उत्सव समारोह शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

अनुसूची १

(निर्णय ८.२ सँग सम्बन्धित)

# बाणगङ्गा नगरपालिका

## अठारौं नगर सभा

### अठारौं नगर सभाको कार्यसूची र समय तालिका

सभा सङ्ख्या: १८ सभा सञ्चालन स्थान: बाणगङ्गा नगरपालिकाको सभाहल

अध्यक्षता: श्री चक्रपाणी अर्याल बैठक बस्ने समय: ११:००बजे

मिति:२०८२।०९।२८ सोमबार

| मिति | समय | कार्य सूची | सञ्चालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०९।२८ | ११:०० | राष्ट्रिय गान | | |
| २०८२।०९।२८ | ११:०५ | सभाको अध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| " " | ११:१० | कार्यक्रम शुरु भएको घोषणा, सम्बोधन शहिदहरु प्रति मौनधारण | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| " " | ११:१५ | प्रगति विवरण प्रस्तुत (अर्धवार्षिक समीक्षा सहित) | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | १२:०० | चालु आ.व. २०८२।०८३ को योजना, कार्यक्रम तथा बजेट संशोधन र अत्यावश्यक योजनाहरूको बजेट विनियोजन | नगर उपप्रमुख श्री रीता कुमारी चौधरी | |
| | १२:२० | विधेयक प्रस्तुत (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक) | विधायन समिति संयोजक श्री बाबुराम अर्याल | |
| | १२:५० | समसमयिक तथा सार्वजनिक महत्त्वका विषयहरू प्रस्तुत | नगर प्रवक्ता श्री विष्णु प्रसाद पौडेल | |
| | १:१५ | नगर सभाबाट निर्णय गर्नुपर्ने विविध प्रस्तावहरू | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | १:४५ | शुन्य समय प्रारम्भ | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | २:०० | नगर सभामा उठेका विषयहरुको सम्बोधन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | २:२० | नगर सभा समापन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |

### छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

CS CamScanner

अनुसूची-२

*(निर्णय नं.८.९सँग सम्बन्धित)*

**१. आन्तरिक विक्री तर्फः(ढुंगा, गिट्टी, वालुवा र मिस्कट) बाणगंगा नदी, बाणगंगा पुलदेखी दक्षिण लक्ष्मणघाट पुल सम्मको क्षेत्र**

| क्र.सं. | नदी/खोलाको नाम | उत्खनन र निकासीका लागि तोकिएको स्थान | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन मिटरमा) | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन फिटमा) | न्यूनतम रकम रु. १० का दरले | उत्खनन् एव संकलन गर्नु पर्ने अवधि | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | बाणगंगा खोला | उत्तरमा सुक बिन्दु बालापुरको दुर्गा मन्दिर देखि दक्षिण सिसनिया मस्जिद सम्मको बगर क्षेत्र (क) वडा नं ४ र ८ (N२७°४०'५९.८१" E ८३°०९'११.३७") देखि (N२७°४०'५१.६०" E ८३°०९'००.७८"सम्म) | २१२३४.१३ घ.मि. (क्षेत्र-१) | ७४९९८६.०८ | रु. ७४९९८६०.८ | परिमाण पुरा वा सम्झौता भएको मितिले ४५ दिन सम्म | रु. ३००० |
| | | उत्तरमा सुक बिन्दु बालापुरको दुर्गा मन्दिर देखि दक्षिण सिसनिया मस्जिद सम्मको बगर क्षेत्र (ख) वडा नं ४ र ८ (N२७°४०'४८.३१" E ८३°०८'५७.३१") देखि (N२७°४०'४६.४५" E ८३°०८'५०.५८"सम्म) | ४७२६.०० घ.मि. (क्षेत्र-२) | १६६९२१.७१ | रु. १६६९२१७.१ | | |
| | | धनेशपुर बगर क्षेत्र उत्तर सिसनिया फुटबल खेल मैदान देखि दक्षिण धनेशपुर पानी टंकीसम्मको बगर क्षेत्र वडा नं ५, ६ र ८ (N२७°४०'३२.८५" E ८३°०८'२४.९२") देखि (N २७°४०'३१.२७" E ८३°०८'१७.६२"सम्म) | ६०७१.११ (क्षेत्र-३) | २१४४३०.५६ | रु. २१४४३०५.६ | | |
| | | उत्तरमा बनगाईको भत्केको कजवय दक्षिण वाणगंगा एफ.एम देखि चौरी गाउँ सम्मको बगर क्षेत्र वडा नं ५ र ८ (N२७°४०'२८.१९" E ८३°०७'३९.३५") देखि (N२७°४०'२२.९२" E ८३°०७'३२.६६"सम्म) | ५७८४.८३ घ.मि. (क्षेत्र-४) | २०४३१९.१८ | रु. २०४३१९१.८ | | |
| | | उत्तरमा बनगाईको भत्केको कजवय दक्षिण वाणगंगा एफ.एम देखि चौरी गाउँ सम्मको बगर क्षेत्र वडा नं ५ र ८ (N२७°४०'२४.६४" E ८३°०७'३२.४३") देखि (N२७°४०'२१.०५" E ८३°०७'२३.०८"सम्म) | ४५७७.९८ घ.मि. (क्षेत्र-५) | १६१६९३.३७ | रु. १६१६९३३.७ | | |
| | | जम्मा | ४२३९४.०५ घ.मि. | १४९७३५७.८४ | १४९७३५७८.४ | | |

**२. आन्तरिक विक्री तर्फः(ढुंगा, गिट्टी, वालुवा र मिस्कट) बाणगंगा नदी, भगलापुर चौपारी देखी दक्षिण फुटवल मैदान, क्रसर र पशुपंक्षी फर्मदेखि दक्षिण ३ वटा सिमल कृयापुत्री साथै प्रतिक्षालय बनकसिया पश्चिम पट्टी, कृयापुत्री प्रतिक्षालयको पश्चिम पट्टी देखी कपिलवस्तु नगरपालिकाको सिमाना सम्मको बनकसिया भगलापुर बगर क्षेत्र।**

| क्र.सं. | नदी/खोलाको नाम | उत्खनन र निकासीका लागि तोकिएको स्थान | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन मिटरमा) | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन फिटमा) | न्यूनतम रकम रु. १० का दरले | उत्खनन् एव संकलन गर्नु पर्ने अवधि | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| २ | बाणगंगा खोला | उत्तरमा क्रसर र पशुपंक्षी फर्मदेखि दक्षिण ३ वटा सिमल कृयापुत्री साथै प्रतिक्षालय बनकसिया पश्चिम पट्टीको बगर क्षेत्र वडा नं ६ (N२७°३८'४९.१७" E ८३°०५'३५.५७") देखि (N २७°३८'५२.३७" E ८३°०५'२४.०६"सम्म) | ११५३४.९४ घ.मि. (क्षेत्र-३) | ४०७३८४.०८ | रु. ४०७३८४०.८ | परिमाण पुरा वा सम्झौता भएको मितिले ४५ दिन सम्म | रु. ३००० |
| | | उत्तरमा कृयापुत्री प्रतिक्षालयको पश्चिम पट्टी देखी कपिलवस्तु नगरपालिकाको सिमाना सम्म बनकसियाको पश्चिम पट्टिको बगर क्षेत्र वडा नं. ६ (N२७°३८'५३.८१" E ८३°०५'२५.०५") देखि (N२७°३८'५३.८५" E ८३°०५'१६.२२"सम्म) | २४३५०.२७ घ.मि. (क्षेत्र-४) | ८६००४७.४१ | रु. ८६००४७४.१ | | |
| | | जम्मा | ३५८८४.४१ घ.मि. | १२६७०७८.५१ | रु. १२६७०७८५.१ | | |

CamScanner

३. आन्तरिक विक्री तर्फ:(ढुंगा, गिट्टी, वालुवा र मिस्कट) बाणगंगा नदीको मधुवन बगर क्षेत्रको विभिन्न नाका ।

| क्र.सं. | नदी/खोलाको नाम | उत्खनन र निकासीका लागि तोकिएको स्थान | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन मिटरमा) | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन फिटमा) | न्यूनतम रकम रु. १५ का दरले | उत्खनन् एवं संकलन गर्नु पर्ने अवधि | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ३ | बाणगंगा खोला | श्रृगिघाट उत्तर सुरु विन्दु श्रृङ्गीघाट सामुदायिक वनको घाटगद्दी देखि ग्याविन लगाएको पश्चिम दक्षिण सम्मको बगर क्षेत्र वडा नं १ र ८ (N२७°४३'०६.६०" E ८३°११'१२.९३" ) देखि (N२७°४३'०२.०९" E ८३°११'०८.४५"सम्म) | १०६८१.३२ घ.मि. (क्षेत्र-२) | ३७७२६२.४८ | रु.३७७२६२४.८ | परिमाण पुरा वा सम्झौता भएको मितिले ४५ दिन सम्म | रु. ३००० |
| | | श्रृगिघाट उत्तर सुरु विन्दु श्रृङ्गीघाट सामुदायिक वनको घाटगद्दी देखि ग्याविन लगाएको पश्चिम दक्षिण सम्मको बगर क्षेत्र वडा नं १ र ८ (N२७°४३'०१.५०" E ८३°११'०९.५७") देखि (N२७°४२'५३.५१" E ८३°११'०२.७८"सम्म) | १२९९७.९१ घ.मि. (क्षेत्र-३) | ४५९०८३.९९ | रु. ४५९०८३९.९ | | रु. ३००० |
| | | उत्तरमा उत्तमनगर नाका पूर्व र मधुवन नाका पश्चिम देखी उत्तमनगर खानेपानी ट्याङ्की र पश्चिम भागीरथी गौशाला बोट दक्षिण सम्मको बगर क्षेत्र वडा नं १ र ८ (N२७°४२'४९.३५" E ८३°११'०१.६७") देखि (N२७°४२'४२.३१" E ८३°१०'५८.६३"सम्म) | ९६३०.४८ घ.मि. (क्षेत्र-४) | ३४०१०६.९८ | रु. ३४०१०६९.८ | | रु. ३००० |
| | | उत्तरमा उत्तमनगर नाका पूर्व र मधुवन नाका पश्चिम देखी उत्तमनगर खानेपानी ट्याङ्की र पश्चिम भागीरथी गौशाला बोट दक्षिण सम्मको बगर क्षेत्र वडा नं १ र ८ (N२७°४२'४२.४०" E ८३°१०'५७.८२") देखि (N२७°४२'३७.४१" E ८३°१०'५२.५७"सम्म) | ५६१७.३८ घ.मि. (क्षेत्र-५) | १९८४०४.९५ | रु. १९८४०४९.५ | | रु. ३००० |
| | | उत्तरमा उत्तमनगर नाका पूर्व र मधुवन नाका पश्चिम देखी उत्तमनगर खानेपानी ट्याङ्की र पश्चिम भागीरथी गौशाला बोट दक्षिण सम्मको बगर क्षेत्र वडा नं १ र ८ (N२७°४२'३७.०४" E ८३°१०'५३.५७") देखि (N२७°४२'०७.०६" E ८३°२५'०९.४२"सम्म) | १२५७३.९३ घ.मि. (क्षेत्र-६) | ४४४१०९.३३ | रु. ४४४१०९३.३ | | रु. ३००० |
| | | उत्तरमा उत्तमनगर नाका पूर्व र मधुवन नाका पश्चिम देखी पूर्वतर्फ चिल्ड्रेन पार्क बुद्धवाटिका र पश्चिम वृन्दावन इमिलीको बोट दक्षिण सम्मको बगर क्षेत्र वडा नं १ र ८ (N२७°४२'१०.१८" E ८३°१०'३६.२२") देखि (N२७°४२'०८.८१" E ८३°१०'३०.६५"सम्म) | ५३१३.०८ घ.मि. (क्षेत्र-७) | १८७६५७.२६ | रु. १८७६५७२.६ | | रु. ३००० |
| | | जम्मा | ५६८१४.१० घ.मि. | २००६३९०.०० | रु. २००६३९००.० | | |

४. आन्तरिक विक्री तर्फ:(माटो ) कोइली खोला, कोइला गाउँको पूर्व पट्टी बगर उकास क्षेत्र।

| क्र.सं. | नदी/खोलाको नाम | उत्खनन र निकासीका लागि तोकिएको स्थान | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन मिटरमा) | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन फिटमा) | न्यूनतम रकम रु. ४ का दरले | उत्खनन् एव संकलन गर्नु पर्ने अवधि | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ४ | कोईली खोला | कोईला गाउँको पूर्व पट्टी बगर उकास क्षेत्र (माटो) वडा नं. ९ (N२७°४२'३२.१३" E ८३°०७'२१.२५") देखि (N२७°४२'१९.२२" E ८३°०७'२०.२०"सम्म) | ४५८८७.६७ घ.मि. (क्षेत्र-३) | १६२०७४४.९०० | रु. ६४८२९७९.६ | परिमाण पुरा वा सम्झौता भएको मितिले ४५ दिन सम्म | रु. ३००० |
| | | जम्मा | ४५८८७.६७ घ.मि. | १६२०७४४.९०० | रु. ६४८२९७९.६ | | |

५. आन्तरिक विक्री तर्फ:(भसकट माटो ) कोइली खोला, धैरेनीडाँडा बगर क्षेत्र।

| क्र.सं. | नदी/खोलाको नाम | उत्खनन र निकासीका लागि तोकिएको स्थान | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन मिटरमा) | विक्रि गर्न सकिने वार्षिक परिमाण (घन फिटमा) | न्यूनतम रकम रु. ४ का दरले | उत्खनन् एव संकलन गर्नु पर्ने अवधि | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ५ | कोईली खोला | धैरेनीडाँडा बगर क्षेत्र (भसकट माटो) वडा नं. ७ (N२७°४१'००.९४" E ८३°०७'१४.७४") देखि (N २७°४०"५५.६३" E ८३°०७'१६.८९' 'सम्म) | ९३२७.७१ घ.मि. (क्षेत्र-६) | ३२९४५३.१३ | रु. १३१७८१२.५२।- | परिमाण पुरा वा सम्झौता भएको मितिले २० दिन सम्म | रु. ३००० |
| | | जम्मा | ९३२७.७१ घ.मि. | ३२९४५३.१३ | रु. १३१७८१२.५२।- | | |

साथै घिरिखोलाको IEE प्रतिवेदन अनुसार कार्यपालिकाको निर्णय बमोजिम ठेक्का लगाउन सकिने छ।